# तिलोत्तमा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

प.सं.: ०८०/०८१
च.नं.:

## विभिन्न आय ठेक्काको सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी १५ दिने सूचना
प्रथम पटक प्रकाशित मिति : २०८१/०२/१६

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५९ तथा तिलोत्तमा नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७६ को परिच्छेद १२ बमोजिम आ.व.२०८१/०८२ का हाटबजार बैठकी कर संकलन गर्ने कायृको लागि देहायका हाटबजारहरुको ठेक्का प्रकृयाबाट आय वन्दोवस्ति गर्नुपर्ने भएको हुँदा देहायको शर्तको अधिनमा रही कार्य गर्न ईच्छुक फर्म वा व्यक्तिबाट सिलवन्दी दरभाउपत्र आह्वान गरिन्छ ।

**शर्तहरु**

१ सिलबन्दी दरभाउपत्रको फाराम एनआईसी एशिया बैंक मणिग्राम शाखामा रहेको आन्तरिक आय खाता नं.1052055499599012 मा रु.१०००।- (फिर्ता नहुने गरि) जम्मा गरेको सक्कलै भौचर र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र फर्मको हकमा फर्म/कम्पनी दर्ता प्रमाण पत्र, आ.व.०७९/०८० को आयकर चुक्ता प्रमाणपत्र र मू.अ.कर दर्ता प्रमाणपत्र निवेदन साथ संलग्न राखी यो सूचना प्रकाशन भएको मितिले १५ दिनको कार्यालय समय भित्र कार्यालयको राजस्व शाखाबाट लिन गर्न सकिनेछ ।

२ न्युनतम अंक देहाय बमोजिम हुनेछ । उक्त अंकमा मु.अ.कर समावेस गरिएको छैन । दरभाउपत्र पेश गर्दा आँफुले बुझाउन कबोल रकम अंक र अक्षर दुवैमा स्पष्ट बुझिने गरी उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

३ सिलबन्दी दरभाउ पत्रसाथ आँफुले कबोल गरेको अंकमा मू.अ.कर जोडी हुन आउने रकमको ५% ले हुने धरौटी रकम यस कार्यालयको एनआईसी एशिया बैंक मणिग्राम शाखामा रहेको धरौटी खाता नं.A5CA549959952403 मा जम्मा गरेको सक्कलै भौचर वा ७५ दिनको म्याद भएको बैंक जमानत संलग्न गर्नुपर्नेछ ।

४ पत्रिकामा सूचना प्रकाशन भएको मितिले १६ औं दिन दिनको १२.०० बजेभित्र यस कार्यालयमा दरभाउपत्र दर्ता गराईसक्नु पर्नेछ । सोही दिनको २.०० बजे यसै कार्यालयमा दरभाउपत्रदाता वा प्रतिनिधिको रोहवरमा दरभाउपत्र खोलिने छ । प्रतिनिधि उपस्थित नभएमा नियमानुसार सोही समयमा खोल्न वाधा पर्नेछैन ।

५ दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलीपल्ट दर्ता गर्न सकिनेछ । कार्यालयबाट प्रमाणित नभएको, रीत नपुगेको र म्याद नाघी आएको दरभाउपत्र उपर कुनै कार्यवाही गरिने छैन ।

६ आँफुले कबोल रकम ठेक्का सम्झौताका बखत एकमुष्ठ रुपमा बुझाएमा १०% छुट दिन दिईनेछ । यस्तो छुट दिँदा दाखिला गर्ने रकम न्युनतम अंक भन्दा घटी हुनेगरि दिईनेछैन । कबोल रकम किस्ताको रुपमा बुझाउन चाहेमा ५०% ले हुन आउने रकम ठेक्का सम्झौताका बखत र बांकी रकम २०८१ साल पौष मसान्त भित्र बुझाउनु पर्नेछ । बांकी रकमका लागि नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकको ०८२ श्रावण मसान्त सम्म म्याद भएको बैंक जमानत पेश गर्नुपर्नेछ ।

७ न्युनतम अंकमा मु.अ.कर र अन्य करहरु समावेश गरिएको छैन । ठेक्का लिने पक्षले ठेक्का सम्झौताका बखत कबोल अंकको १.५%ले हुने अग्रिम आयकर वापतको रकम एकमुष्ठ रुपमा र हरेक किस्ता रकम बुझाउँदा १३% ले हुने मू.अ.कर वापतको रकम आन्तरिक राजस्व कार्यालयमा बुझाउनु पर्नेछ ।

८ ठेक्का अवधि २०८२ आषाढ मसान्त सम्म हुनेछ । तर सम्झौताका शर्त उल्लंघन भएमा कार्यालयले विचैमा ठेक्का तोड्न पनि सक्नेछ । यसरी ठेक्का तोडिएमा सो अवधि सम्मको बुझाउनु पर्ने दायित्वबाट उन्मुक्ति पाईने छैन । सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

९ बन्द, हडताल जस्ता कारण जनाई कुनै प्रकारका छुट वा मिनाहा दावी गर्न पाईने छैन । तर काबु बाहिरको परिस्थिति परि राजस्व असुली हुन नसकेमा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

ईश्वरी सापकोटा
राजस्व अधिकृत

प.सं.: ०८०/०८१
च.नं.:

१० हाटबजार बैठकी करको दररेट दरभाउपत्र साथ उपलब्ध गराईनेछ । कर संकलन गर्दा उक्त दरमा १३%ले थप गरि संकलन गर्नुपर्नेछ ।

११ तिलोत्तमा नगरपालिका खुला पोलिथिन मुक्त नगरपालिका घोषणा भईसकेको हुँदा हाटबजारमा पनि पोलिथिन झोला प्रयोग गर्न पाईनेछैन । साथै हाटबजारका हरेक बिक्रेताले आफ्नो फोहर आफ्नै झोला वा बोरामा संकलन गरि बैठकी सफा राख्नुपर्नेछ । यसरी संकलन भएको फोहरमैलाको उचित व्यवस्थापन ठेकेदार स्यमंले गर्नुपर्नेछ ।

१२ हाटबजारमा रहेको खानेपानीको महशुल, मर्मत तथा व्यवस्थापन र फोहरमैला व्यवस्थापन ठेकेदार आफैले गर्नुपर्नेछ । नगरी खानेपानी लाईन काटिएमा पुनः जडान खर्च, हर्जाना सहितको महशुल वा अन्य तवरले फोहरमैला व्यवस्थापन गर्दा लागेको खर्च ठेकेदारबाट असुल गरिनेछ । असुल हुन नसकेमा निजको धरौटीबाट कट्टा गरिनेछ ।

१३ हाटबजारमा रहेको विद्युतको सामान्य मर्मत खर्च र बढिमा २५ वाट सम्मको एक थान सि.एफ.एल/एल.इ.डि वल्वको महशुल भुक्तानी ठेकेदार आफैले गर्नुपर्नेछ । व्यवसायीले थप विद्युत उपभोग गर्न परेमा थप महशुल ठेकेदारलाई बुझाउनु पर्नेछ । व्यवसायीबाट महशुल असुल गरी समयमा विद्युत महशुल नबुझाई विद्युत लाईन काटिएमा पुनः जडान गर्दा लाग्ने खर्च र हर्जाना सहितको महशुल ठेकेदारबाट असुल गरिनेछ । असुल हुन नसकेमा निजको धरौटीबाट कट्टा गरिनेछ ।

१४ पार्किङ्ग शुल्क उठाउने कार्यको समावेस नभएका बजारमा अर्को अनुमति नलिई बजारमा राखिने सवारी साधनमा पार्किङ शुल्क उठाउन पाईने छैन ।

१५ बैठकी कर तथा पार्किङ्ग शुल्कको दररेट सबैले देख्नेगरी ठेकेदारले होडिङबोर्ड तयार गरी हाटबजार स्थलमा राख्नुपर्नेछ ।

१६ यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु प्रचलित कानून वमोजिम हुनेछ । थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र आर्थिक प्रशासन शाखा तथा राजस्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

तपसिल

| आय ठेक्का नं. | हाटबजार बैठकी कर असुली कार्य | न्युनतम कबोल अंक रु. |
|---|---|---|
| आय-०२।२०८१।०८२ | ड्राइभरटोल हाटबजार (शुक्रबार र मंगलबार) | १९,५०,०००।०० |
| आय-०३।२०८१।०८२ | योगीकुटी हाटबजार (सोमबार, बिहीबार) | १५,०२,०००।०० |
| आय-०४।२०८१।०८२ | सिमानगर हाटबजार (शनिवार, बुधवार) | ६,३५,०००।०० |
| आय-०५।२०८१।०८२ | मणिग्राम हाटबजार पार्किङ्ग समेत (आईतबार, बिहीबार) | १६,८२,०००।०० |
| आय-०६।२०८१।०८२ | सेमरा हाटबजार (सोमबार, विहिवार) | १४,०८,०००।०० |
| आय-०७।२०८१।०८२ | भलवारी हाटबजार (बुधवार) | १८,०१,०००।०० |
| आय-०८।२०८१।०८२ | कान्छिबजार हाटबजार (शुक्रबार र मंगलबार) | ६,०१,५००।०० |
| आय-०९।२०८१।०८२ | रामनगर हाटबजार (शनिवार) | ५०,४००।०० |
| आय-१०।२०८१।०८२ | शिवपुर हाटबजार (शुक्रवार) | १,२५,१००।०० |
| आय-११।२०८१।०८२ | भुल्का हाटबजार (विहिवार) | १,२७,९००।०० |
| आय-१२।२०८१।०८२ | ९नं. हाटबजार (बुधवार, आईतवार) | १,४५,०००।०० |
| आय-१३।२०८१।०८२ | वनकट्टी हाटबजार (सोमवार, विहिवार) | ४,८६,९००।०० |
| आय-१४।२०८१।०८२ | कोटीहवा हाटबजार (शनिवार) | १९,०१,२००।०० |